त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०७३।०५।२९

# वि.ई./वि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुन: आवेदन सम्बन्धि सूचना ।

शैक्षिक बर्ष २०७३।७४ मा यस क्याम्पसको B.E./BArch. तहका केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरूमा भर्ना हुन चाहने आवेदकहरूले प्राथमिकता सहितको पुन: आवेदन फाराम Online बाट भर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुन: आवेदन २०७३ आश्विन ४ गते बिहान १०:०० बजे देखि आश्विन ६ गते अपरान्ह ३:०० बजे सम्म यस क्याम्पसको Website: www.pcampus.edu.np मा Online फाराम भर्न सकिनेछ । फाराम भरेपछि फाराम भरेको प्रमाण स्वरूप Confirmation Page प्रिन्ट गरि साथै राख्नु पर्नेछ ।
- Online Application Form भर्दा प्रति विषय रु.२००।- का दरले शुल्क लाग्नेछ। कुनै पनि बिषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई बिषय मानिनेछ। आवेदकले आफुले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै बैंकमा दाखिला गर्नु पर्नेछ। यस्तो शुल्कको हिसाब Online मार्फत पनि गर्न सकिनेछ। उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा जम्मा गरी प्राप्त भएको भाउचर लिनु पर्नेछ।
- आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) वापत थप रु. ३०० लाग्नेछ।
- बैंक भाउचर भर्दा Deposited by मा आवेदकको पुरा नाम र IOE Entrance Exam को Roll No. प्रष्ट संग लेख्नु पर्नेछ।
- <u>इन्जिनियरिङ अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०७३ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरूले पुन: आवेदन दिन सक्नेछन्</u> :

  क) यस क्याम्पसमा फाराम भर्न छुट भएकाहरु ।
  ख) यस क्याम्पसमा भर्ना हुन यस अघि Online फाराम भरि नाम प्रकाशित नभएकाहरु ।
  ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।
  घ) कुनै पनि कार्यक्रममा भर्ना भइसकेका र प्राथमिकता परिवर्तन गर्न चाहनेहरू ।
- <u>हाल रिक्त सिट संख्या</u>

| सि. नं. | कार्यक्रम | कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १. | Electrical Full Fee | महिला | १ |
| २. | Electrical Full Fee | खुल्ला | ५ |
| ३. | Electronics Full Fee | खुल्ला | १ |
| ४. | Architecture Full Fee | खुल्ला | १ |

हाल सम्म उपरोक्त बमोजिम रिक्त स्थान भएतापनि सूची प्रकाशन पूर्व कुनै भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरि सूची प्रकाशन गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- भर्ना भइसकेका आवेदकहरुले समेत अर्को कार्यक्रमका लागि आवेदन दिन सक्ने भएकोले कुनै कार्यक्रममा भर्ना भइसकेका आवेदकको नाम नयाँ रिक्त स्थानमा प्रकाशित भएमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन सक्नेछ । **तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ** ।
- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार चौथो सूची प्रकाशन गरी भर्ना गरिनेछ र त्यसपछि समेत स्थान रिक्त रहन गएमा क्रमस पाँचौं तथा छैठौं सूची प्रकाशन गरिनेछ ।

| भर्ना कार्यक्रम | | मिति र समय |
|---|---|---|
| १) भर्नाका लागि पुनः आवेदन फाराम भर्ने | : | २०७३ आश्विन ४ गते बिहान १०:०० बजे देखि आश्विन ६ गते अपरान्ह ३:०० बजेसम्म । |
| २) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | : | २०७३ आश्विन ७ गते बिहान ११:०० बजे । |
| ३) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | : | २०७३ आश्विन ८ गते अपरान्ह ५:०० बजे । |
| ४) चौथो सूची प्रकाशन | : | २०७३ आश्विन ९ गते विहान १०:०० बजे । |
| ५) चौथो सूची उपर दावि विरोध | : | २०७३ आश्विन ९ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| ६) संशोधित चौथो सूची प्रकाशन | : | २०७३ आश्विन ९ गते बेलुका ६:०० बजे । |
| ७) चौथो सूचीको भर्ना | : | २०७३ आश्विन १० गते विहान ११:०० देखि अपरान्ह ३:०० बजेसम्म । |
| ८) पाँचौ सूची प्रकाशन | : | २०७३ आश्विन ११ गते विहान १०:०० बजे । |
| ९) पाँचौ सूची उपर दावी विरोध | : | २०७३ आश्विन ११ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १०) संशोधित पाँचौ सूची प्रकाशन | : | २०७३ आश्विन ११ गते बेलुका ६:०० बजे । |
| ११) पाँचौ सूचीको भर्ना | : | २०७३ आश्विन १२ बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १२) छैठौं सूची प्रकाशन | : | २०७३ आश्विन १३ गते विहान १०:०० बजे । |
| १३) छैठौं सूची उपर दावी विरोध | | २०७३ आश्विन १३ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १४) संशोधित छैठौं सूची प्रकाशन | | २०७३ आश्विन १३ गते बेलुका ६:०० बजे । |
| १५) छैठौं सूचीको भर्ना | | २०७३ आश्विन १४ बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १६) यस पछिका रिक्त सिटहरुको लागि सूचना प्रकाशन | : | २०७३ कार्तिक १० गते । |

**द्रष्टब्य :**

- **आर्किटेक्चर कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षा** (Aptitude Test) **मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा** (Aptitude Test) **मा पुनः सम्मिलित हुनु पर्ने छैन ।**
- **उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।**

अध्यक्ष
भर्ना समिति २०७३